**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १८ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत स्वामीत्व योजना अन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुभयो ।
२. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यापाल अनित थापाले आज घलेटार सिटोङमा दशवटा पलङ जड़ित नव-निर्मित सिटोङ प्राथमिक स्वास्थ्य केन्द्रको विधिवत उदघाटन गर्नुभयो ।
३. भारतीय गोर्खा समुदायका ऐतिहासिक र दीर्घकालीन मागहरूलाई सम्बोधन गर्नका लागि दार्जीलिङ विधानसभा क्षेत्रका विधायक निरज जिम्बाले प्रधानमन्त्री नरेन्द्र मोदीलाई औपचारिक पत्र लेख्नु भएको छ ।
४. आरजी कार मेडिकल कलेज र अस्पतालका प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्या गरेको अभियोगमा कोलकत्ताको एक स्थानीय अदालतले आरोपी सञ्जय रोयलाई दोषी ठहराएको छ ।
५. मिरिकमा पर्यटनलाई बढावा दिने उदेश्य राखेर आगामी २४ जनवरी देखि चार दिवशीय मिरिक महोत्सव शुरु हुने भएको छ ।

**प्रधानमन्त्री – स्वामित्व योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत स्वामीत्व योजना अन्तर्गत ६५ लाखभन्दा अधिक सम्पत्ति कार्ड वितरण गर्नुभयो । १० राज्य र दुई केन्द्र शासित प्रदेशका ५०हजार भन्दा अधिक गाउँहरूमा सम्पत्ति कार्ड वितरण गरिएको छ। स्वामित्व योजनाको उद्देश्य ग्रामीण जनसंख्या भएका क्षेत्रहरूमा सम्पत्ति मालिकहरूलाई स्वामित्व अधिकार प्रदान गर्नु हो। सर्वेक्षणका लागि अत्याधुनिक ड्रोन प्रविधिको माध्यमबाट घरपरिवारलाई स्वामित्व अधिकार प्रदान गरेर ग्रामीण भारतको आर्थिक विकासलाई अघि बढाउन बर्ष २०२० मा स्वामित्वा योजना शुरु गरिएको थियो।

****** ० ******

**सिटोंग- अस्पताल उद्घाटन -अनित थापा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यापाल अनित थापाले आज , स्वास्थ्य एवं परिवार कल्याण विभागद्वारा घलेटार , सिटोङमा दशवटा पलङ जड़ित नव-निर्मित सिटोङ प्राथमिक स्वास्थ्य केन्द्रको विधिवत उदघाटन गर्नुभयो । यस अवसरमा श्री अनित थापाले भन्नुभयो - अस्पताललाई राम्ररी चलाउनु डाक्टर अनि नर्सहरुलाई पनि सुविधा दिनु पर्छ। उहाँले अस्पतालमा रोगी सहायता समिति गठन गर्ने निर्देश पनि दिनुभएको छ । श्री थापाले सिटोङलाई सुन्दर बनाउने दिशामा क्षेत्रका नागरिकहरु जागरुक हुन पर्ने कुरामा जोड दिनुभएको छ । कार्यक्रममा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभाका उपाध्यक्ष राजेश चौहान, लगायत बिभिन्न अधिकारीहरु उपस्थित हुनुहुन्थ्यो ।

****** ० ******

**बिधायक निरज जिम्बा -प्रधानमन्त्री -पत्रचार**

भारतीय गोर्खा समुदायका ऐतिहासिक र दीर्घकालीन मागहरूलाई सम्बोधनका लागि दार्जीलिङ विधानसभा क्षेत्रका विधायक निरज जिम्बा तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीलाई औपचारिक पत्र लेख्नु भएको छ प्रधानमन्त्री श्री मोदीको दूरदर्शी नेतृत्व र न्यायप्रतिको प्रतिबद्धतामा विश्वास गर्दै बिधायक श्री तामाङले गोर्खा समुदायका दुई प्रमुख मुद्दाहरूलाई विशेष ध्यान दिन आग्रह गर्नुभएको छ ।बिधायक तामांगले छैटौँ अनुसूचीको मागबारे अवगत गराउनु हुदै पत्रमा दार्जीलिङ पहाडलाई भारतीय संविधानको छैटौँ अनुसूचीमा समावेश गर्नुपर्ने आवश्यकता माथी जोड दिनुभएको छ । उहाँले भन्नुभएको छ -बर्ष २००५ मा स्वर्गीय सुबास घिसिङको नेतृत्वमा भएको त्रिपक्षीय सम्झौताले दार्जीलिङ क्षेत्रलाई छैटौँ अनुसूचीमा समावेश गर्ने परिकल्पना गरे पनि यो योजना अझै कार्यान्वयन हुन सकेको छैन। पत्रमा यो सम्झौतामा मन्त्रिमण्डल र संसदीय स्थायी समितिको समर्थन भए पनि राजनीतिक हस्तक्षेपका कारण प्रक्रिया रोकिएको स्मरण गराएको छ। छैटौँ अनुसूची कार्यान्वयनले दार्जीलिङको राजनीतिक

स्थिरता, सामाजिक-आर्थिक प्रगति, र सांस्कृतिक पहिचानको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने बिधायक तामाङले बिश्वास व्यक्त गर्नुभएको छ ।उहाँले पत्रमा पश्चिम बंगालका ११ र सिक्किमका १२ गोर्खा समुदायलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्न संवैधानिक मान्यता दिन आग्रह गर्नुभएको छ। यो मान्यता प्राप्त गरेपछि ती समुदायहरूको सामाजिक-आर्थिक भविष्य सुधार हुनुका साथै उनीहरूको सांस्कृतिक सम्पदा पनि सुरक्षित हुने तामाङले दाबी गर्नुभएको छ ।

****** ० ******

**पश्चिम बंगाल आरोपी संजय रॉय दोषी**

पश्चिम बङ्गालमा कोलकत्ताको एक स्थानीय अदालतले आरोपी सञ्जय रोयलाई आरजी कार मेडिकल कलेज र अस्पतालका प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्या गरेको अभियोगमा दोषी ठहराएको छ । अतिरिक्त जिल्ला तथा सत्र न्यायालय , सियालदहले आरोपीलाई भारतीय न्याय सहिता धारा अन्तर्गत दोषी ठहर गरेको छ। अदालतले 20 जनवरीमा सजा सुनाउने भएको छ। ३१ वर्षीय प्रशिक्षार्थी डाक्टर गत वर्षको ९ अगष्टमा कोलकाताको आरजी कार मेडिकल कलेज र अस्पतालको सेमिनार हलमा मृत फेला परेका थिए। उच्च न्यायालयको आदेशमा सीबीआईले यस घटनाको जाच गरेको थियो।

****** ० ******

**केंद्रीय उपभोक्ता मामले, खाद्य एवं सार्वजनिक वितरण राज्य मंत्री -पश्चिम बंगाल में कानून व्यवस्था**

केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण राज्यमन्त्री बीएल वर्माले पश्चिम बङ्गालमा कानून र व्यवस्था नभएको बताउनु भएको छ। उहाँले भन्नुभयो - पश्चिम बङ्गालमा अपराधीहरुलाई सरकारी संरक्षण प्राप्त छ । केन्द्रीय राज्यमन्त्री बीएल वर्मा जलपाईगुडीको एक कार्यक्रममा भाग लिन दिल्लीबाट बागडोगरा पुग्नुभएको थियो । यसैबीच बागडोगरा विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै श्री बीएल वर्माले राज्य सरकारको आलोचना गर्नुभएको छ। उहाँले भन्नुभयो -, ' राज्यमा कानुनको शासन छैन, आरजी करको घटना मात्र होइन, यहाँ अल्पसङ्ख्यकहरूको तुष्टीकरणको राजनीति चलिरहेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा महिला सशक्तीकरणका लागि निरन्तर प्रयास गरिरहेको तर पश्चिम बङ्गालमा महिला मुख्यमन्त्री हुँदाहुँदै पनि महिलाहरुमाथि अत्याचार भइरहेको उहाँले आरोप लगाउनुभयो

****** ० ******

**सिलगडी -दुर्घटना**

सिलगढ़ी-जलपाईगुड़ी राष्ट्रिय राजमार्गको बन्धुनगर क्षेत्रमा आज भएको भयानक सड़क दुर्घटनामा एकजना युवकको मृत्यु भएको छ। मृत युवकको पहिचान राजगञ्ज ब्लक अन्तर्गत सुखानी ग्राम पंचायतको गोसाईखरा गाउँ निवासी दिलवर हुसैनको रूपमा भएको छ। स्थानीय सूत्र अनुसार आज बिहान तिनी आफ्नो बाइकमा सवार भएर काममा गइरहेका समय दुर्घटना भएको बताइएको छ।

****** ० ******